मिति: २०७८।४।१२ गते
८२ औं बैठक

आज मिति २०७८।०४।१२ गते मङ्गलवारका दिन बैतेश्वर गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिकाका अध्यक्ष छवि लामाज्यूको अध्यक्षतामा बैतेश्वर गाउँपालिकाको कार्यालय पाँडुडाँमा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति:</u>

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छवि लामा | अध्यक्ष | |
| २ | श्री रविचन्द्र आचार्य | उपाध्यक्ष | |
| ३ | श्री बृर्ष बहादुर तामाङ | सदस्य | |
| ४ | श्री श्याम कुमार तमाङ घिसिङ | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर दहाल | सदस्य | |
| ६ | श्री कुमार चौलागाई | सदस्य | |
| ७ | श्री माधव बहादुर वस्नेत | सदस्य | |
| ८ | श्री शम्शेर घिसिङ | सदस्य | |
| ९ | श्री रेशम राजस्वराज रिमाल | सदस्य | |
| १० | श्री रमेश कुमार अधिकारी | सदस्य | |
| ११ | श्री ठुलीकान्छी विश्वकर्मा | महिला सदस्य | |
| १२ | श्री चेसम तमाङ | महिला सदस्य | |
| १३ | श्री शान्ति तमाङ | महिला सदस्य | |
| १४ | श्री मान कुमारी रिमाल | महिला सदस्य | |
| १५ | श्री ढाल बहादुर जिरेल | अल्पसङ्ख्यक सदस्य | |
| १६ | श्री राजन नेपाली | दलित सदस्य | |
| १७ | गणेश राम पोखरेल | सदस्य-सचिव | |

<u>निर्णय नं. १</u>: बैतेश्वर गाउँपालिकाको आ.व. २०७८/०७९ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत विभिन्न सडक /सिंचाइ/ खानेपानी / विद्युतीकरण / संचार / पर्यटन संस्कृति लगायत गाउँपालिकाभरका सडकहरूको इन्भेन्ट्रीको लागि पाँच लाख

नबढ्ने गरी खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ②:** नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त भएको विशेष अनुदान मार्फत प्राप्त भएको एक करोडबाट आग्रागाउँ बाँदोरा गाउँ खानेपानी वडा - १ र मार्कु खानेपानीका लागि सोही एक करोडबाट रु. पाँच लाख नबढ्ने गरी डि.पि.आर गरी बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ③:** बेतेश्वर गाउँपालिकाको वडा नं. ६, ७, ९ र ८ को परिक्षण सिमानामा बग्ने तामाकोशी नदी किनारका तपसिल अनुसारका वगरहरूबाट उत्खनन तथा निकासीका लागि ठेक्का आह्वान गर्ने निर्णय गरियो। साथै ठेक्का बन्दोबस्ती नहुने बेलासम्मको लागि यस कार्यालयमा कार्यरत श्री हेमेश लामा र श्री राजेन्द्र खत्रीलाई बेतेश्वर गाउँपालिकाको नगदी रसिद मार्फत आर्थिक ऐनमा उल्लेख भएबमोजिमको कर दस्तुर अनुसार संकलन गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

तपसिल

नलेपु वगर - ६२००$m^3$

तिम्ले वगर - ४२००$m^3$

कोडे वगर - ४८००$m^3$

महोर वगर - ३०००$m^3$

ग्याङ वगर - १२०१$m^3$

दुलो वगर - २६००$m^3$

बिमेरे वगर - ३१२५$m^3$

लाते वगर - ३००$m^3$

उक्त तथ्याङ्क IEE रिपोर्ट अनुसार ठेक्का निकाल्ने निर्णय गरियो ।

**निर्णय नं. ④:** बेतेश्वर गाउँपालिकाको कार्यालयमा कार्यरत कर्मचारी श्री रुद्र खिरांके र हिल विक्रम श्रेष्ठ कार्यालयको कामकाजको सिलसिलामा चोरकोट जाने क्रममा दुर्घटनामा पारी घाइते भएकोले अस्पतालमा उपचारार्थ रहेको हुँदा उपचार खर्च बापत श्री रुद्र खिरांकेको लागि रु. ४०,०००/- र हिल विक्रम श्रेष्ठको लागि सवारी साधन प्रयोग गरेको सो मोटरसाइकल मर्मत खर्च कार्यालयले इन्टरनेट बजेट शीर्षकमा रु. ३०,०००/- सम्म खर्च बेहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ⑤:** बेतेश्वर गाउँपालिकाभित्र विभिन्न वडाहरूका सडक वर्षाको कारणले अवरुद्ध भई मर्मत तयार गर्नुपर्ने भएकोले तपसिल बमोजिमका वडाहरूमा तपसिल बमोजिमका रकम (डोजर) र महिला कामदारहरू राखेर मर्मत गर्ने र उक्त कार्यमा लाग्ने खर्च विपद् व्यवस्थापन कोषबाट

खर्च गर्ने निर्णय गरियो।

तपसिल :

| क्र.सं. | वडा नं. | कामदार संख्या |
|---|---|---|
| १. | १ | चार जना |
| २ | २ | तीन जना |
| ३ | ३ | छ जना |
| ४ | ४ | एक जना |
| ५ | ५ | एक जना |
| ६ | ६ | एक जना |
| ७ | ७ | दुई जना |
| ८ | ८ | एक जना |

निर्णय नं. ६: नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०७७/१२/१३ को च.नं. २०२ को प्राप्त पत्रअनुसार औद्योगिक ग्राम घोषणा प्रक्रिया बमोजिम यस बेतेश्वर गाउँपालिकाको वडा नं. १ गोपे भन्ने स्थानमा गर्न उपयुक्त देखिएकोले मन्त्रालय समक्ष माग गर्ने निर्णय गरियो।

निर्णय नं. ७: गाउँपालिकाको कार्यालय परिसरमा निर्मित चमेना गृह संचालनको लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो।

प्रमाणित

२०७८/४/१२

प्र.प्र.अ.